स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री मिरुना मगर नयाँ नेपाली चलचित्र "रातो घेरा" मा अनुबन्धित भएकी छन्। चलचित्रमा उनी अभिनेता दयाहाङ राईसँग मुख्य भूमिकामा देखिने भएकी हुन्। "जारी"मा दर्शकको मन जितेको यो जोडी फेरि एकपटक नयाँ कथामार्फत ठूलो पर्दामा फर्किन लागेको हो। अनिल बुढा मगरको निर्देशन रहने चलचित्र सामाजिक तथा भावनात्मक कथावस्तुमा आधारित हुने निर्माण पक्षले जनाएको छ। "जारी"पछि दयाहाङ-मिरुनाको पुनर्मिलनले चलचित्रप्रेमीमा उच्च अपेक्षा सिर्जना गरेको छ।

**आजको विचार...**



रोशन देव

साभार...
*(दुई पेजमा)*



एलिना चौहान, रचना रिमाल, मेलिना मैनाली र दीपिका बयम्बुको स्वरमा सजिएको नयाँ तीज गीत "नौरती फुली" सार्वजनिक भएको छ। एलिना चौहानको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको गीतले छोटो समयमै राम्रो भ्यु बटुल्दै दर्शक-श्रोतामाझ लोकप्रियता हासिल गरेको छ। दीपक शर्माको शब्द तथा संगीत र उदय राज पौडेलको संगीत संयोजन रहेको गीतलाई मौलिक तीजको स्वाद झल्काएको भन्दै सकारात्मक प्रतिक्रिया मिलिरहेको छ। सार्वजनिक भएको छोटो समयमै गीतले उल्लेखनीय दर्शकको साथ पाउन थालेको छ।


❐ वर्ष ३२ ❐ अंक ५ ❐ २०८३ साउन ५ गते मंगलबार 21 July 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# साउनको पहिलो सोमबार : शिव मन्दिरमा भक्तजनको घुइँचो

**हाम्रा संवाददाता**

**पाल्पा,** साउन ४/ साउन महिनाको पहिलो सोमबार हिन्दु धर्मावलम्बीले व्रत बसी भगवान् शिवको विधिपूर्वक पूजा आराधना गरेका छन् । साउने सोमबारको अवसरमा पाल्पासहित देशभरका विभिन्न स्थानमा रहेका शिवालय मन्दिर तथा धामहरुमा भक्तजनको भिड लागेको हो । साउने सोमबारका अवसरमा बिहानदेखि नै मन्दिरमा भक्तजन पूजा एवं दर्शनका लागि लाइनमा बसेका थिए ।

पाल्पाका तानसेनस्थित नारायणस्थान, तिनाउको दोभान सिद्धबाबा मन्दिर, बगनासकालीको बराङ्दीस्थित महामृत्युञ्जय शिवासन, सिद्धबाबा धाम तानसेनको ठुटेपीपल बद्रेश्वर शिवालय, बतासेडाँडा, प्रभास, नारायणस्थान, दमकडा, रामपुरलगायतका शिवालय मन्दिरमा भगवान शिवको पूजाआजा तथा भजन



कीर्तन गर्ने भक्तजनको घुइँचो लागेको थियो । यहाँका मन्दिरमा पाल्पा र आसपासबाट भक्तजन पुगेका थिए । यस्तै, तिनाउ गाउँपालिका-३ दोभानस्थित सिद्धबाबा मन्दिरमा भक्तजनको अध्याधिक घुँइचो लागेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । सिद्धपुरुष भर्तृहरिको तपोभूमि तथा आदिमानव रामपिथेकसको विचरणस्थलका रूपमा परिचित सिद्धबाबा पुरातात्विक, धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण भएकाले यहाँ श्रद्धालुको घुँइचो लागेको हो । भक्तजनले सहज रूपमा मन्दिरमा पूजा तथा दर्शन गर्नसक्ने व्यवस्था मिलाइएको थियो । यहाँ पाल्पासहित रुपन्देही, नवलपरासी, कपिलवस्तुका साथै छिमेकी मुलुक भारतबाटसमेत श्रद्धालु आएका थिए । मन्दिरमा दर्शन गर्न आउने भक्तजनका लागि सहजता वातावरण बनाइएको थियो । यस्तै, बगनासकालीको बराङ्दीस्थित महामृत्युञ्जय शिवासनमा पनि पूजाआजा र दर्शन गर्नेहरूको घुँइचो लागेको थियो । साउन महिना र सोमबार भगवान् शिवजीको महिना र बार भएकाले पनि यस अवसरमा धेरै भक्तजनको भीड लाग्ने गर्दछ । स्नान गरी शिवालयमा पूजाआजा एवं दर्शन गरेमा मनोकांक्षा पूरा हुने, अटल सौभाग्य प्राप्त हुने धार्मिक विश्वास भएकाले विशेष गरी महिला भक्तजन शिव पिठहरुमा पुग्ने गर्दछन् ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### बाढी र पहिरोबाट ५ को मृत्यु, ३ बेपत्ता

**(रासस/सिन्ह्वा)**

**हनोई,** साउन ४/उत्तरी भियतनाममा गत साता परेको भारी वर्षासँगै आएको आकस्मिक बाढी र पहिरोका कारण मृत्यु हुनेको सङ्ख्या पाँच पुगेको छ भने तीन जना अझै बेपत्ता रहेको विपद् तथा बाँध व्यवस्थापन प्राधिकरणले सोमबार जनाएको छ । प्राधिकरणका अनुसार विपद्मा परी १० जना घाइते भएका छन् । हताहत हुने सबै व्यक्तिलाई चाउ प्रान्तका रहेका छन् । गत बुधबारदेखि आइतबारसम्म परेको अविरल वर्षाका कारण उक्त क्षेत्रमा बाढी र पहिरो गएको थियो । विपद्ले व्यापक भौतिक क्षति पुऱ्याएको छ । प्रारम्भिक विवरणअनुसार ४२७ घर पूर्ण रूपमा ध्वस्त वा क्षतिग्रस्त भएका छन् भने उच्च जोखिमयुक्त क्षेत्रबाट करिब १४० परिवारलाई सुरक्षित स्थानमा सारिएको छ । विपद्बाट भएको आर्थिक क्षति करिब ३६२ दशमलव ४६ अर्ब भियतनामी डङ (करिब एक करोड ४३ लाख अमेरिकी डलर) बराबर रहेको अनुमान गरिएको छ । स्थानीय अधिकारीहरूले क्षतिको विस्तृत विवरण सङ्कलन तथा बेपत्ताको खोजी कार्य जारी राखेका छन् ।

## आज सूर्यको विशेष पूजा गरिदैं




**पाल्पा,** साउन ५/ आज रवि सप्तमीको अवसरमा देशभर श्रद्धालुहरूले सूर्यको विशेष पूजा-आराधना गर्दै सुख, शान्ति, आरोग्य र समृद्धिको कामना गर्दै छन् । धार्मिक विश्वासअनुसार सूर्यलाई सम्पूर्ण जीवजगतको जीवनदाता, ऊर्जा र प्रकाशको स्रोत मानिने भएकाले यस दिन विशेष रूपमा अर्घ्य अर्पण गरी उपासना गर्ने परम्परा रहेको छ । धार्मिक ग्रन्थहरूका अनुसार सूर्यको प्रभाव पृथ्वी तथा सम्पूर्ण जीवमा विभिन्न रूपमा विद्यमान रहेको विश्वास छ । वैज्ञानिक दृष्टिकोणले पनि सूर्य पृथ्वीमा जीवन सम्भव बनाउने प्रमुख ऊर्जा स्रोत भएकाले यसको महत्व विशेष रहेको बताइन्छ । धार्मिक मान्यताअनुसार प्रात:काल सूर्यलाई ब्रह्म, मध्यान्हमा महादेव र सन्ध्याकालमा विष्णुको स्वरूप मानी पूजा गरिन्छ । सूर्य उपासनाका क्रममा धाता, अर्यमा, मित्र, वरुण, इन्द्र, विवस्वान, पूषा, पर्जन्य, अंशुमान, भग, त्वष्टा र विष्णु गरी १२ स्वरूपको आव्हान गर्ने परम्परा रहेको छ । धार्मिक विश्वासअनुसार श्रद्धापूर्वक सूर्यको उपासना गर्दा विद्या, बुद्धि र तेजमा वृद्धि हुने, ग्रहदोष तथा सूर्यजन्य पीडा कम हुने र सूर्यनारायणको शुभ आशीर्वाद प्राप्त हुने जनविश्वास रहेको छ । त्यसैले रवि सप्तमीलाई सूर्य उपासनाको विशेष पर्वका रूपमा श्रद्धापूर्वक मनाउने परम्परा रहँदै आएको छ ।

## मोटरेबल पुल बनेपछि प्रयोगविहीन 'झोलुङ्गे पुल'

**दाङ,** साउन ४/ कुनै समय बरदान सावित बनेको दाङको राजपुर गाउँपालिकाको जङ्गहवा र लमही नगरपालिकाको जहरे जोड्ने झोलुङ्गे पुल अहिले प्रयोगविहीन बनेको छ । यहाँ मोटरेबल पुल बनेपछि लमही र राजपुर जोड्ने एउटा प्रभावकारी माध्यम बनेको उक्त पुल अहिले प्रयोगविहीन बनेको हो ।

केही वर्ष पहिले राप्ती नदीका अधिकांश ठाउँमा डुङ्गाबाट जोखिमपूर्ण यात्रा गरिरहेको अवस्थामा उक्त पुलले निकै सहज बनाएको थियो । सोही पुलको १०० मिटर नजिकै पक्की मोटरेबल पुल बनेपछि अहिले झोलुङ्गे पुल प्रयोगविहीन बनेको स्थानीय बताउँछन् । "पहिले यो पुल निकै प्रयोग हुन्थ्यो, बरदानजस्तै बनेको थियो", राजपुर निवासी रमेश बुढाले भने, "तर, नजिकै मोटरेबल पुल बनेपछि प्रयोग हुन छाडेको छ ।" कुनै समय यो पुलले वारपार गर्न निकै सहज हुने गरेकामा प्रयोग हुन छोडेपछि जीर्ण बन्दै गएको उनको भनाइ छ । राजपुर गाउँपालिकासँग राजमार्गको सम्बन्ध नहुँदा यही पुलले सम्बन्ध जोडेको



थियो । अहिले उक्त पुल प्रयोगविहीन भएकाले यसलाई निकालेर अन्य पुल नभएको ठाउँमा लैजान सकिएमा डुङ्गाबाट यात्रा गरिरहेका नागरिकलाई सहज हुने बुढाले बताए ।

"धेरै ठाउँमा पुल छैनन्, तर, यहाँ एकै ठाउँमा दुई वटा पुल भएकाले अन्य स्थानमा स्थानान्तरण गर्दा हुने देखिन्छ", उनले भने, "यसलाई निकालेर पुल नभएको ठाउँमा लैजान सकिए त्यहाँका नागरिकलाई सहज हुन्थ्यो ।" यस क्षेत्रका अधिकांश ठाउँमा अहिले पनि डुङ्गाको सहारा लिनुपर्ने अवस्था रहेको भन्दै उनले यसमा सरोकार भएका निकायको ध्यानाकर्षण गराए । उनका अनुसार रु ३५ करोड लागतमा २८० मिटर लामो पुल बनेको छ । उक्त पुल बनेपछि सवारीसाधन आवतजावत गर्न सहज भएको छ । सोही पुल तारेर हुलाकी राजमार्गमा पनि यात्रा गर्न जान सकिन्छ । करिब चार वर्षअघि यहाँ मोटरेबल पुल निर्माण भएको थियो । पुल निर्माण भए पनि सोही ठाउँको सडक भने स्तरोन्नति हुन सकेको छैन । यहाँबाट भारतसँग जोडिएका विभिन्न नाकामा आउजान गर्न सकिन्छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## नैतिक शिक्षाको आवश्यकता

नैतिक शिक्षा भनेको सही र गलतको पहिचान गराई असल चरित्र निर्माण गर्ने शिक्षा हो । यसले व्यक्तिलाई सत्य, इमानदारी, अनुशासन, सहिष्णुता, करुणा, जिम्मेवारी र परोपकारका मूल्य आत्मसात गर्न प्रेरित गर्छ । केवल किताबी ज्ञान वा प्राविधिक सीपले मात्र समाज समृद्ध हुँदैन, असल चरित्र भएका नागरिकले मात्र सभ्य, शान्त र समुन्नत राष्ट्र निर्माण गर्न सक्छन् । आज नेपालमा भ्रष्टाचार, असमानता, सामाजिक दरार, लागूऔषध दुर्व्यसन, अपराधजस्ता समस्याहरु मौलाउँदै गएका छन् । यी समस्याहरुको समाधान कानुनी कठोरताले मात्र सम्भव छैन । नैतिक शिक्षाले नागरिकलाई विवेकशील, जिम्मेवार र सहिष्णु बनाउँछ । गौतमबुद्धको अष्टाङ्गिक मार्ग, वेद–उपनिषद् वा अन्य दर्शनहरु सबै नैतिक शिक्षाका उपज हुन् । यी शिक्षाले सत्य, शान्ति र अहिंसाको संवर्द्धन गर्छन् । त्यसैले, नैतिक शिक्षा कुनै धार्मिक कर्मकाण्ड होइन, यो सामाजिक सहअस्तित्व र सभ्यताको आधार हो । नैतिक शिक्षाको व्यावहारिक प्रयोगले जीवनलाई उद्देश्यपूर्ण र नतिजामुखी बनाउँछ । बालबालिकाले गुरू र अभिभावकको सम्मान गर्न सिक्छन्, नागरिकले समाजप्रति उत्तरदायित्व बुझ्छन् ।

अर्कोतर्फ आजका युवापुस्ता सामाजिक सञ्जाल र प्रविधिको व्यापक प्रभावमा छन् । प्रविधिको सदुपयोगसँगै यसको दुरुपयोग पनि बढिरहेको छ । गलत सूचना, घृणात्मक अभिव्यक्ति, साइबर दुर्व्यवहार र हिंसात्मक प्रवृत्तिले सामाजिक सद्भावमा चुनौती थपेका छन् । यस्ता समस्याबाट जोगिन नैतिक शिक्षा प्रभावकारी माध्यम बन्न सक्छ । यसले व्यक्तिलाई विवेकपूर्ण निर्णय गर्न, अरूको अधिकारको सम्मान गर्न र जिम्मेवार नागरिकका रूपमा व्यवहार गर्न सिकाउँछ । नैतिक शिक्षाको जिम्मेवारी विद्यालयमा मात्र सीमित छैन । परिवार बालबालिकाको पहिलो विद्यालय हो, जहाँबाट उनीहरूले व्यवहार, संस्कार र मूल्य सिक्छन् । त्यसैगरी विद्यालय, समुदाय, सञ्चारमाध्यम र राज्यले पनि नैतिक मूल्यको प्रवर्द्धनमा समान रूपमा योगदान दिनुपर्छ । पाठ्यक्रममा नैतिक शिक्षालाई व्यवहारिक र जीवनोपयोगी बनाउँदै शिक्षक तथा अभिभावकले पनि उदाहरणीय आचरण प्रस्तुत गर्न आवश्यक छ । विश्वका धेरै अनुसन्धानहरुले नैतिकतालाई सफलताको प्रमुख कारक ठहर गरेका छन् । व्यक्तिगत समस्याहरुको समाधान नैतिक शिक्षाबाट सम्भव हुन्छ, जसले मानवताविरोधी समस्याहरुलाई समाधान गर्न सक्छ । तसर्थ समयको मागअनुसार नैतिक शिक्षालाई विद्यालय, परिवार र समाजका प्रत्येक तहमा प्रभावकारी रूपमा लागू गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

### Opinion @ Social Network

आफ्नो यात्रालाई कहिल्यै सानो नसम्झ,
आजको सानो प्रयासले नै भोलि ठूलो सफलताको इतिहास लेख्नेछ ।
*(मिन मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Min.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# साझा देश, असमान अनुभूति



## रोशन देव

***सिंहदरबारको भवन सबै नेपालीको नाममा बनेको छ, तर त्यहाँ आफ्नो आवाज पुग्छ भन्ने विश्वास सबै नागरिकमा समान छैन । यही अनुभूतिको दूरीले मधेश, पहाड र काठमाडौंबीचको सम्बन्धलाई बारम्बार प्रश्नको कठघरामा उभ्याउँछ । नेपालको इतिहास हेर्दा राज्य निर्माणको प्रक्रिया सधैं समान सहभागितामा आधारित थिएन । आधुनिक नेपालको निर्माणसँगै एउटा निश्चित भाषा, संस्कृति र सामाजिक संरचनाले राज्यको चरित्र निर्धारण गर्‍यो । त्यसको परिणामस्वरूप केही समुदायले राज्यलाई आफ्नो स्वाभाविक घरका रूपमा महसुस गरे भने केही समुदायले राज्यभित्र आफ्नो स्थान खोज्न संघर्ष गर्नुपर्‍यो । मधेशको प्रश्न यही ऐतिहासिक अनुभवबाट जन्मिएको हो । मधेश कुनै बाहिरी भूभाग होइन, नेपालको निर्माण प्रक्रियाको अभिन्न हिस्सा हो । नेपालको अर्थतन्त्र, कृषि, व्यापार र श्रममा मधेशको योगदान गहिरो छ । तर योगदान र सम्मानबीच सधैं समान सम्बन्ध देखिएन । धेरै मधेशी नागरिकको गुनासो यही रह्यो हामी देशको हिस्सा त हौं, तर राज्यको समान हिस्सा बन्न किन यति लामो संघर्ष गर्नुपर्‍यो ? कुनै पनि समाजमा जब एउटा समूहले आफ्नो पहिचान, भाषा, संस्कृति र प्रतिनिधित्वको प्रश्न उठाउँछ, त्यसलाई केवल राजनीतिक माग भनेर बुझ्नु पर्याप्त हुँदैन । त्यसको पछाडि वर्षौंको सामाजिक अनुभव हुन्छ । मानिस केवल सडक, भवन र प्रशासनबाट राज्यसँग जोडिँदैन, ऊ सम्मान, अवसर र आत्मसम्मानबाट राज्यसँग जोडिन्छ ।***

नेपाललाई हेर्ने दुईवटा दृष्टि छन् । एउटा दृष्टिले हिमाल, पहाड र तराई मिलेर बनेको सुन्दर भूगोल देख्छ । अर्को दृष्टिले त्यही भूगोलभित्र लुकेका असमानता, अविश्वास र ऐतिहासिक पीडाका तहहरू देख्छ । पहिलो दृष्टि नक्साको हो, दोस्रो दृष्टि समाजको । नक्साले नेपाललाई एक देखाउँछ, तर समाजका अनुभवहरूले कहिलेकाहीँ प्रश्न गर्छन् के हामी साँच्चिकै एउटै अनुभूतिको नेपालमा बाँचेका छौं ? नेपालको सबैभन्दा ठूलो समस्या भूगोलको दूरी होइन, मानसिक दूरी हो । जनकपुर, विराटनगर वा वीरगञ्जबाट काठमाडौं पुग्न केही घण्टा लाग्छ, तर कतिपय नागरिकको अनुभवमा राज्यसम्म पुग्ने दूरी अझै धेरै लामो छ । सिंहदरबारको भवन सबै नेपालीको नाममा बनेको छ, तर त्यहाँ आफ्नो आवाज पुग्छ भन्ने विश्वास सबै नागरिकमा समान छैन । यही अनुभूतिको दूरीले मधेश, पहाड र काठमाडौंबीचको सम्बन्धलाई बारम्बार प्रश्नको कठघरामा उभ्याउँछ । नेपालको इतिहास हेर्दा राज्य निर्माणको प्रक्रिया सधैं समान सहभागितामा आधारित थिएन । आधुनिक नेपालको निर्माणसँगै एउटा निश्चित भाषा, संस्कृति र सामाजिक संरचनाले राज्यको चरित्र निर्धारण गर्‍यो । त्यसको परिणामस्वरूप केही समुदायले राज्यलाई आफ्नो स्वाभाविक घरका रूपमा महसुस गरे भने केही समुदायले राज्यभित्र आफ्नो स्थान खोज्न संघर्ष गर्नुपर्‍यो । मधेशको प्रश्न यही ऐतिहासिक अनुभवबाट जन्मिएको हो । मधेश कुनै बाहिरी भूभाग होइन, नेपालको निर्माण प्रक्रियाको अभिन्न हिस्सा हो । नेपालको अर्थतन्त्र, कृषि, व्यापार र श्रममा मधेशको योगदान गहिरो छ । तर योगदान र सम्मानबीच सधैं समान सम्बन्ध देखिएन । धेरै मधेशी नागरिकको गुनासो यही रह्यो हामी देशको हिस्सा त हौं, तर राज्यको समान हिस्सा बन्न किन यति लामो संघर्ष गर्नुपर्‍यो ? कुनै पनि समाजमा जब एउटा समूहले आफ्नो पहिचान, भाषा, संस्कृति र प्रतिनिधित्वको प्रश्न उठाउँछ, त्यसलाई केवल राजनीतिक माग भनेर बुझ्नु पर्याप्त हुँदैन । त्यसको पछाडि वर्षौंको सामाजिक अनुभव हुन्छ । मानिस केवल सडक, भवन र प्रशासनबाट राज्यसँग जोडिँदैनह ऊ सम्मान, अवसर र आत्मसम्मानबाट राज्यसँग जोडिन्छ । मधेश आन्दोलनलाई पनि यही दृष्टिबाट बुझ्न आवश्यक छ । आन्दोलनका सबै पक्षमाथि बहस हुन सक्छ, नेतृत्वका कमजोरीमाथि प्रश्न उठाउन सकिन्छ, तर त्यसले उठाएको मूल प्रश्नलाई बेवास्ता गर्न सकिँदैन के नेपालका सबै नागरिकले समान अवसर र समान सम्मान पाएका छन् ? तर नेपालभित्रको असमानताको कथा केवल मधेशको मात्र होइन । पहाडका दुर्गम गाउँहरूमा बस्ने नागरिकको पीडा पनि उत्तिकै वास्तविक छ । कर्णाली, सुदूरपश्चिम वा पहाडी क्षेत्रका धेरै नागरिकले पनि दशकौंसम्म राज्यको उपेक्षा महसुस गरेका छन् । उनीहरूका लागि पनि काठमाडौं टाढाको शक्ति केन्द्र हो । अस्पताल, गुणस्तरीय शिक्षा, रोजगारी र पूर्वाधारको अभावले उनीहरूलाई पनि विदेश वा शहरतिर धकेलेको छ । यस अर्थमा नेपालको वास्तविक विभाजन केवल मधेश र पहाडबीच छैन । वास्तविक विभाजन केन्द्र र किनाराबीच छ । जहाँ शक्ति, अवसर र स्रोत केन्द्रित हुन्छन् र जहाँ नागरिकले आफ्नो भागको विकास पर्खिरहनुपर्छ । काठमाडौं नेपालको राजधानी हो । राजधानी हुनु आफैंमा समस्या होइन । समस्या तब हुन्छ जब राजधानी एउटा मानसिकता बन्छ जहाँबाट बाहिर हेर्दा देशका अन्य भागहरू केवल विकासका विषय, चुनावका क्षेत्र वा तथ्यांकका अंकजस्तो देखिन्छन् । जब काठमाडौंले आफूलाई सम्पूर्ण नेपालको प्रतिनिधि ठान्छ तर नेपालको विविध अनुभवलाई सुन्न बिर्सन्छ, त्यहींबाट दूरी बढ्छ । नेपालको समस्या धेरैपटक संरचनाभन्दा बढी सोचको समस्या बनेको छ । हामीले संविधान परिवर्तन गर्‍यौं, व्यवस्था परिवर्तन गर्‍यौं, तर समाजभित्रका धेरै पुराना मानसिकता अझै बाँकी छन् । एउटा समुदायको भाषा सुन्दा असहज हुने, अर्को समुदायको संस्कृतिलाई कम महत्व दिने, फरक पहिचानलाई शंकाको दृष्टिले हेर्ने प्रवृत्ति अझै पूर्ण रूपमा समाप्त भएको छैन । राष्ट्रवादको अर्थ पनि हामीले पुनर्विचार गर्नुपर्ने समय आएको छ । के राष्ट्रवाद भनेको सबैलाई एउटै बनाउनु हो ? के एउटै भाषा, एउटै पोशाक वा एउटै सांस्कृतिक ढाँचालाई मात्र राष्ट्रियताको प्रमाण मान्न सकिन्छ ? यदि त्यसो हो भने विविधताले भरिएको संसारका अधिकांश राष्ट्र कमजोर हुनुपर्ने थियो ।वास्तविक राष्ट्रवाद भनेको विविधतालाई सम्मान गर्ने क्षमता हो । एउटै बगैंचामा धेरै रंगका फूलहरू फुलेका हुन्छन् । फूलको सुन्दरता उसको रंग मेटेर होइन, उसको आफ्नै रंग स्वीकार गरेर देखिन्छ । नेपाल पनि त्यस्तै हो । मधेशको भाषा, पहाडको संस्कृति र हिमालको जीवनशैली सबै मिलेर नेपालको पहिचान बनाउँछन् । तर पहिचानको बहससँगै अर्को सत्य पनि स्वीकार गर्नुपर्छ । अधिकारसँग जिम्मेवारी पनि जोडिन्छ । राज्यले समान अवसर दिनुपर्छ, तर नागरिकले पनि कानुन र सामाजिक अनुशासन पालना गर्नुपर्छ । परिवर्तन केवल सरकार बदलिँदा आउँदैनह समाजको व्यवहार बदलिँदा आउँछ । हामीले सडकमा फोहोर फाल्ने, सार्वजनिक सम्पत्ति दुरुपयोग गर्ने, भ्रष्टाचारलाई सामान्य मान्ने संस्कार परिवर्तन गर्नुपर्छ । लोकतन्त्र केवल अधिकार माग्ने व्यवस्था होइन, जिम्मेवार नागरिक बनाउने प्रक्रिया पनि हो । संघीयता नेपालको एउटा महत्वपूर्ण राजनीतिक प्रयोग हो । यसको उद्देश्य केवल प्रदेश सरकार बनाउनु थिएन । यसको मूल भावना शक्ति जनताको नजिक पुर्‍याउनु थियो । तर संघीयताको सफलता कति वटा कार्यालय बने भन्ने कुराले होइन, सामान्य नागरिकको जीवनमा कति परिवर्तन आयो भन्ने कुराले निर्धारण गर्छ । यदि एउटा किसान अझै बजार खोज्दै भौतारिन्छ, यदि एउटा विद्यार्थी गुणस्तरीय शिक्षाका लागि राजधानी धाउन बाध्य छ, यदि एउटा बिरामी उपचारका लागि घर छोड्न बाध्य छ भने संघीयताको आत्मामाथि प्रश्न उठ्छ । नेपाललाई अब नयाँ प्रकारको संवाद आवश्यक छ । मधेशले पहाडलाई दोष दिएर मात्र समाधान भेट्दैन । पहाडले मधेशका प्रश्नलाई अस्वीकार गरेर पनि समाधान भेट्दैन । काठमाडौंले आफूलाई केन्द्र होइन, समन्वयकर्ता ठान्नुपर्छ । इतिहासको पीडालाई स्वीकार गर्नु विभाजन होइन । बरु स्वीकार नगर्नु नै भविष्यको विभाजनको बीउ हो । कुनै समुदायले विगतमा अन्याय महसुस गरेको छ भने त्यसलाई सुन्नुपर्छ । कुनै समुदायले आफूलाई उपेक्षित महसुस गरेको छ भने त्यसलाई सम्मानपूर्वक सम्बोधन गर्नुपर्छ । नेपालको भविष्य साझा पीडाको पहिचान र साझा सपनाको निर्माणमा निर्भर छ । हामीले यस्तो नेपाल बनाउनु छ जहाँ एउटा मधेशी नागरिकले आफ्नो पहिचान लुकाएर होइन, गर्वका साथ नेपाली भएर बाँच्न सकोस् । जहाँ एउटा पहाडी नागरिकले पनि राज्य आफ्नो हो भन्ने अनुभूति गरोस् । जहाँ हिमाली क्षेत्रको नागरिकले पनि आफू राजधानीबाट टाढा होइन, राज्यको केन्द्रमा रहेको महसुस गरोस् । अन्ततः समस्या मधेश, पहाड वा काठमाडौं होइन । समस्या त्यो सोच हो जसले अरूलाई आफूभन्दा फरक देख्छ । समस्या त्यो मानसिकता हो जसले अधिकारलाई दया ठान्छ र समानतालाई बोझ ठान्छ । नेपालको दूरी भूगोलले बनाएको होइन । यो दूरी हाम्रो सोच, व्यवहार र इतिहाससँग सामना गर्न नसक्ने कमजोरीले बनाएको हो । तर यही दूरी घटाउने शक्ति पनि हामीभित्रै छ । जब हामीले स्वीकार गर्नेछौं कि नेपाल कुनै एउटा समुदायको सम्पत्ति होइन, सबै नागरिकको साझा घर हो, त्यही दिनदेखि वास्तविक राष्ट्रिय एकताको यात्रा सुरु हुनेछ । नेपाललाई जोड्ने बाटो एउटै छ सम्मान, समानता र सहअस्तित्वको बाटो । *-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : आफ्नै तालमा अघि बढ्दा फाइदा हुनेछ। निर्णयमा अडिग रहनु बुद्धिमानी हुनेछ।
**वृष** : परिवर्तनले दिनलाई रमाइलो बनाउनेछ। बचतलाई प्राथमिकता दिनु हेला।
**मिथुन** : घटनाले सोच्ने दृष्टिकोण बदल्न सक्छ। विचार गरेर मात्र विश्वास गर्नुहोस्।
**कर्कट** : पैसा खर्च गर्नु अघि सोच्नु राम्रो हुनेछ। कम बोल्नु फाइदाजनक रहनेछ।
**सिंह** : निर्णयमा अरूले भरोसा गर्नेछन्। मागेको सहयोगको मूल्य अवश्य रहनेछ।
**कन्या** : दिनभरिका काम सहजै मिल्नेछन्। सामान मिलाउने राम्रो मौका छ।
**तुला** : दिनको रौनक बढ्न सक्छ। धेर समयपछि खुलेर हाँस्ने अवसर मिल्नेछ।
**वृश्चिक** : धैर्यले अगाडि बढाउनेछ। आफ्नो सीमाभित्र रहेर अघि बढ्दा फाइदा हुनेछ।
**धनु** : कामले दिनलाई व्यस्त बनाउन सक्छ। योजना भन्दा काम पूरा गर्नु राम्रो हुनेछ।
**मकर** : धैर्यको परिणाम देखिन थाल्नेछ। परिवारको साथले आत्मविश्वास बढ्नेछ।
**कुम्भ** : सुझावले काम सजिलो बनाउन सक्छ। योजना अगाडि बढ्ने संकेत छ।
**मीन** : अपेक्षा पूरा गर्न खोज्दा काम पछि पर्न सक्छ। समाचारले मुस्कान ल्याउन सक्छ।

## विज्ञान/सूचना प्रविधि

# गणितीय विज्ञान, कृत्रिम बुद्धिमत्ता र नवप्रवर्तन



शुद्ध गणित, गणितका सिद्धान्त, संरचना र प्रमेयहरूको विकास तथा तिनको तार्किक प्रमाणमा केन्द्रित शाखा हो, जसले सम्पूर्ण गणितको सैद्धान्तिक आधार निर्माण गर्छ । अनुप्रयुक्त गणित अर्थात् एप्लाइड म्याथम्याटिक्सले यिनै सिद्धान्तलाई विज्ञान, इन्जिनियरिङ, स्वास्थ्य, उद्योग, अर्थशास्त्र तथा अन्य वास्तविक जीवनका समस्याको गणितीय मोडेलिङ, विश्लेषण र समाधानमा प्रयोग गर्छ । गणितीय विज्ञान भनेको शुद्ध गणित, अनुप्रयुक्त गणित, तथ्याङ्कशास्त्र, कम्प्युटेसनल गणित, डेटा विज्ञान, बीमाङ्क विज्ञान, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ तथा अन्य गणितमा आधारित अन्तरविषयक क्षेत्रहरूलाई समेट्ने व्यापक अध्ययन र अनुसन्धानको क्षेत्र हो । यसले गणितीय सिद्धान्त, विधि र प्रविधिको विकास तथा तिनको प्रयोगमार्फत विज्ञान, प्रविधि र वास्तविक जीवनका जटिल समस्याहरूको विश्लेषण, मोडेलिङ र समाधान गर्न आधार प्रदान गर्छ । शुद्ध गणितमा विकसित सिद्धान्त, प्रमेय र गणितीय संरचनाहरू नै अनुप्रयुक्त गणित तथा गणितीय विज्ञानका आधार हुन् । भौतिक विज्ञान, इन्जिनियरिङ, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ, डेटा विज्ञान, वित्तीय गणित, गणितीय मोडेलिङ, वैज्ञानिक गणना तथा कम्प्युटेसनल विज्ञानमा प्रयोग हुने अधिकांश विधि, एल्गोरिदम र विश्लेषणात्मक प्रविधिहरू यिनै आधारमा विकसित भएका छन् । त्यसैले शुद्ध गणितको सुदृढ आधारविना आधुनिक विज्ञान, प्रविधि र गणितीय विज्ञानको दिगो विकास सम्भव हुँदैन । आज गणितीय विज्ञान आधुनिक विज्ञान, प्रविधि र नवप्रवर्तनको प्रमुख आधारका रूपमा स्थापित छ । यसले तार्किक चिन्तन, विश्लेषणात्मक क्षमता, समस्या समाधान, निर्णय क्षमता तथा अनुसन्धान सीपको विकास गर्दै कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ, डेटा विज्ञान, बीमाङ्क विज्ञान, वैज्ञानिक गणना, गणितीय मोडेलिङ, कम्प्युटेसनल सिमुलेसन तथा उच्च-सम्पादन क्षमता भएका कम्प्युटिङ जस्ता उदीयमान क्षेत्रहरूको विकासलाई गति दिएको छ । साथै, भूभौतिकीय मोडेलिङ, वायु तथा जल प्रदूषण विश्लेषण, जलवायु परिवर्तन, जैव-गणित, जैव-तरल गतिकी, फ्र्याक्सनल क्याल्कुलस, स्वास्थ्य, कृषि, ऊर्जा, वित्त, उद्योग तथा नीतिनिर्माणमा यसको प्रयोग निरन्तर विस्तार भइरहेको छ । यस परिप्रेक्ष्यमा गणित शिक्षा केवल परीक्षा उत्तीर्ण गर्ने माध्यम नभई वैज्ञानिक अनुसन्धान, गणितीय मोडेलिङ, नवप्रवर्तन र प्रविधि विकासको आधारका रूपमा विकास गरिनुपर्छ । शिक्षण-सिकाइ प्रक्रियालाई अवधारणामूलक, प्रयोगात्मक, परियोजनामूलक, अनुसन्धानमुखी तथा प्रविधिमैत्री बनाउँदै विद्यार्थीमा गणितीय सोच, कम्प्युटेसनल सीप, अनुसन्धान क्षमता र नवप्रवर्तनमुखी दृष्टिकोण विकास गर्नु आवश्यक छ । नेपालको राष्ट्रिय शिक्षा नीति, डिजिटल नेपाल फ्रेमवर्क तथा साइन्स, टेक्नोलोजी, इन्जिनियरिङ र म्याथमेटिक्स (एसटीइएम/STEM) शिक्षाको अवधारणाले गणितीय विज्ञानलाई ज्ञानमा आधारित अर्थतन्त्र निर्माणको प्रमुख आधारका रूपमा स्वीकार गरेको छ । त्यसैले विद्यालयदेखि उच्च शिक्षासम्म गणित शिक्षालाई समयसापेक्ष, अनुसन्धानमुखी र प्रविधिमैत्री बनाउँदै शुद्ध गणित, अनुप्रयुक्त गणित, गणितीय विज्ञान, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ, डेटा विज्ञान, बीमाङ्क विज्ञान तथा गणितीय मोडेलिङसँग प्रभावकारी रूपमा एकीकृत गर्न आवश्यक छ । यसबाट अन्तर्राष्ट्रिय स्तरको अनुसन्धान, नवीन प्रविधिको विकास, दक्ष मानव संसाधन उत्पादन तथा नेपालको वैज्ञानिक, प्राविधिक र आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिनेछ । कक्षा १२ सम्म कस्तो गणित ? नेपालमा कक्षा १२ सम्मको गणित शिक्षाले अपेक्षित उपलब्धि हासिल गर्न नसक्नुका प्रमुख कारणहरू पाठ्यक्रमको संरचना, पाठ्यपुस्तक, शिक्षण-सिकाइ प्रक्रिया, शिक्षक व्यवस्थापन, मूल्याङ्कन प्रणाली तथा नीतिगत कार्यान्वयनसँग सम्बन्धित छन् । गणित विज्ञान-प्रविधि, मेसिन लर्निङ तथा डेटा विज्ञानको आधारभूत विषय भए पनि विद्यालय तहको वर्तमान पाठ्यक्रम विद्यार्थीको रुचि, क्षमता, भावी अध्ययन तथा पेसागत आवश्यकताअनुसार पर्याप्त लचिलो र सान्दर्भिक हुन सकेको छैन । विशेषगरी कक्षा ११-१२ मा सबै विद्यार्थीलाई एउटै प्रकारको गणित अध्ययन गराउने व्यवस्था सबैका लागि समान रूपमा उपयुक्त देखिँदैन । विज्ञान, व्यवस्थापन, मानविकी तथा अन्य शैक्षिक धारका विद्यार्थीका आवश्यकता फरक हुने भएकाले विषयअनुकूल गणितका विभिन्न धाराहरू विकास गरी विद्यार्थीलाई आफ्नो अध्ययन र भविष्यको पेसासँग सम्बन्धित गणित छनोट गर्ने अवसर उपलब्ध गराउन आवश्यक छ । यसले गणितप्रतिको रुचि, सिकाइ उपलब्धि तथा उच्च शिक्षामा गणितीय विज्ञान, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ र अन्य प्रविधिमुखी विषयतर्फ विद्यार्थीको आकर्षण अभिवृद्धि गर्न सहयोग पुऱ्याउनेछ । विद्यालय तहको अर्को महत्त्वपूर्ण समस्या कक्षा १ देखि १० सम्म गणितको आधारभूत सिकाइ अपेक्षित रूपमा सुदृढ हुन नसक्नु हो । प्रारम्भिक कक्षाहरूमा सङ्ख्या ज्ञान, बीजगणितीय सोच, ज्यामिति, तार्किक विश्लेषण, समस्या समाधान तथा अवधारणात्मक बुझाइमा कमजोरी रहँदा विद्यार्थीहरू माथिल्ला कक्षामा पुग्दा गणितलाई जटिल र कठिन विषयका रूपमा अनुभव गर्न बाध्य हुन्छन् । आधारभूत अवधारणामा देखिएको कमजोरी समयमै पहिचान र सुधार हुन नसक्दा त्यसको प्रत्यक्ष असर माध्यमिक तथा उच्च माध्यमिक तहको सिकाइमा पर्छ । त्यसैले गणित शिक्षामा प्रारम्भिक कक्षादेखि नै अवधारणामूलक सिकाइ, नियमित अभ्यास, निरन्तर मूल्याङ्कन तथा समस्या समाधानमा आधारित शिक्षणलाई विशेष प्राथमिकता दिन आवश्यक छ । पाठ्यक्रम, सिकाइ उपलब्धि, पाठ्यपुस्तक, शिक्षण विधि र मूल्याङ्कन प्रणालीबिच प्रभावकारी समन्वयको अभाव विद्यालय तहको गणित शिक्षाको अर्को प्रमुख चुनौती हो । पाठ्यक्रम निर्माण र कार्यान्वयनमा पर्याप्त अनुसन्धान, विषयगत छलफल तथा नियमित परिमार्जन हुन नसक्दा गणित शिक्षण अझै पनि रटानमुखी, परीक्षा-केन्द्रित र सूत्रमुखी बनेको छ ।

उच्च शिक्षामा गणितीय विज्ञानको विकाससँग सम्बन्धित प्रमुख चुनौती भनेको सैद्धान्तिक ज्ञान र व्यावहारिक प्रयोगबिच सन्तुलन कायम गर्नु हो । शुद्ध गणितका नाममा विद्यार्थीहरू प्रायः प्रमेयहरू कण्ठ गर्ने र सतही ज्ञानमा सीमित हुने प्रवृत्ति देखिन्छ, जसले गर्दा गणितीय सिद्धान्तहरूको गहिरो बुझाइ, तार्किक क्षमता तथा तिनको प्रयोग गर्ने दक्षता पर्याप्त रूपमा विकास हुन सक्दैन । अर्कोतर्फ, अनुप्रयुक्त गणितका नाममा आधारभूत गणितीय सिद्धान्तहरूको गहिरो ज्ञानबिना नै केवल प्रयोगात्मक पक्षमा केन्द्रित हुने प्रवृत्तिले गणितीय विज्ञानको सैद्धान्तिक आधारलाई कमजोर बनाउँछ । त्यसैले, गणितीय विज्ञानको अध्ययनमा पहिले बलियो सैद्धान्तिक आधार निर्माण गरी त्यसपछि ती सिद्धान्तहरूलाई विज्ञान, प्रविधि, अनुसन्धान तथा वास्तविक जीवनका जटिल समस्याहरूको समाधानमा प्रयोग गर्न सक्ने क्षमता विकास गर्न आवश्यक छ । शुद्ध र अनुप्रयुक्त गणितबिचको सन्तुलित समन्वयबाट मात्र गहिरो ज्ञान, सिर्जनात्मक सोच, अनुसन्धान क्षमता तथा प्रभावकारी समस्या समाधान गर्ने सीप विकास गर्न सकिन्छ । गणितीय विज्ञानको महत्त्वपूर्ण पक्षमध्ये गणितीय मोडेलिङ र सिमुलेसन प्रमुख आधारहरू हुन् । गणितीय मोडेलिङले वास्तविक संसारका प्रणाली, प्रक्रिया वा घटनाहरूलाई गणितीय समीकरण, नियम तथा सम्बन्धहरूको माध्यमबाट प्रतिनिधित्व गरी तिनको संरचना, अन्तरसम्बन्ध र व्यवहारलाई स्पष्ट गर्छ । त्यसैगरी, सिमुलेसनले निर्माण गरिएको गणितीय मोडेललाई कम्प्युटर प्रविधि र सङ्ख्यात्मक विधिको प्रयोगमार्फत सञ्चालन गरी प्रणालीको व्यवहार, सम्भावित परिणाम तथा विभिन्न अवस्थाहरूको प्रभाव अध्ययन गर्छ । वास्तविक संसारमा प्रत्यक्ष परीक्षण गर्न कठिन, खर्चिलो वा जोखिमपूर्ण हुने प्रणाली तथा घटनाहरूलाई गणितीय मोडेल र कम्प्युटर प्रविधिको माध्यमबाट अनुकरण गरी विश्लेषण, परीक्षण र पूर्वानुमान गर्न सकिन्छ । यसरी, गणितीय मोडेलिङ र सिमुलेसनले गणितीय सिद्धान्तलाई व्यावहारिक प्रयोगसँग जोड्दै वैज्ञानिक अनुसन्धान, प्रविधि विकास, नवप्रवर्तन तथा प्रमाणमा आधारित निर्णय प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्छ । ज्ञानमा आधारित अर्थतन्त्र र चौथो औद्योगिक क्रान्तिको युगमा गणितीय विज्ञान उच्च शिक्षा, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास, डिजिटल रूपान्तरण तथा प्रमाणमा आधारित नीतिनिर्माणको महत्त्वपूर्ण आधार बनेको छ । त्यसैले, नेपालमा शुद्ध गणित, अनुप्रयुक्त गणित तथा अन्तरविषयक गणितीय विज्ञानको गुणस्तरीय अध्ययन-अध्यापन, अनुसन्धान र नवप्रवर्तनलाई राष्ट्रिय प्राथमिकताका रूपमा विकास गर्न आवश्यक छ । *-रातोपाटी डटकम*

# मेटाको नयाँ फिचर, किशोर-किशोरीले संवेदनशील कुरा गरे अभिभावकलाई अलर्ट जाने




मेटा कम्पनीले अभिभावकहरूका लागि एउटा नयाँ सेक्युरिटी अलर्ट फिचर ल्याएको छ । अब किशोर-किशोरीहरूले मेटा एआईसँग संवेदनशील विषयमा कुराकानी गरेमा अभिभावकले तत्काल जानकारी पाउनेछन् । यो अपडेटले गर्दा अभिभावकहरू आफ्ना छोराछोरीको एआई च्याट गतिविधिबारे सचेत रहन सक्नेछन् । विशेषगरी किशोर-किशोरीहरूले आत्महत्या वा आफैँलाई हानि पुऱ्याउने जस्ता विषयमा मेटा एआईसँग कुरा गरेमा अभिभावकलाई मेसेज जानेछ । यो मेसेजसँगै मद्दतका लागि आवश्यक लिंकहरू पनि पठाइनेछ । मेटाले यसअघि नै यस्ता संवेदनशील कुरा गर्ने प्रयोगकर्तालाई सहायता हेल्पलाइनहरू सिफारिस गर्दै आएको थियो । अब भने विज्ञहरूको सल्लाहमा तयार पारिएका संकेतहरूको आधारमा अभिभावकलाई पनि सिधै अलर्ट पठाइनेछ । यो नयाँ अलर्ट फिचर अहिले अमेरिका, बेलायत, अष्ट्रेलिया र क्यानडामा इन्स्टाग्राम प्यारेन्टल सुपरभिजन प्रयोग गर्नेहरूका लागि उपलब्ध भइसकेको छ । यो वर्षको अन्त्यसम्ममा यो फिचर विश्वभरका अभिभावकहरूका लागि उपलब्ध हुनेछ । यसबारे किशोर प्रयोगकर्ताहरूलाई पनि जानकारी दिइनेछ । आजभोलि धेरै युवाहरू सल्लाह र मद्दतका लागि एआई च्याटबोटको प्रयोग गरिरहेका छन् । एउटा अध्ययनका अनुसार अमेरिकामा प्रत्येक आठ जनामध्ये एक जना किशोरले मानसिक स्वास्थ्यको सल्लाहका लागि एआई प्रयोग गर्ने गरेका छन् । अर्को एउटा रिपोर्टले ७२ प्रतिशत किशोरहरूले एआई च्याटबोट चलाएको र १२ प्रतिशतले भावनात्मक सहयोगका लागि यसको प्रयोग गरेको देखाएको छ । मेटाले प्यारेन्टल अलर्टबाहेक अर्को एउटा नयाँ प्रविधि पनि बनाउँदैछ । यसले कुनै पनि उमेरका प्रयोगकर्ताले आत्महत्या गर्न सक्ने गम्भीर खतरा देखाएमा सिधै आपतकालीन सेवा वा प्रहरीलाई खबर गर्नेछ । मेटाले फेसबुक र इन्स्टाग्राममा पहिलेदेखि नै यस्तो काम गर्दै आएको छ । गत वर्ष मात्र कम्पनीले संसारभरका १९ हजारभन्दा बढी यस्ता केसहरूमा प्रहरीलाई जानकारी गराएर मानिसहरूको ज्यान बचाउन मद्दत गरेको थियो । किशोर-किशोरीहरूले मेटा एआई प्रयोग गर्दा उनीहरूको अकाउन्टमा १३ वर्षभन्दा माथिको कन्टेन्ट सेटिङ स्वतः लागु हुन्छ । यो सेटिङले गर्दा एआईले उमेर अनुसारको मात्र जवाफ दिन्छ । उदाहरणका लागि मेटा एआईले किशोरहरूसँग प्रेम वा यौनका कुरा गर्दैन । केही समयअघि मेटा एआईले नाबालिगहरूसँग अनुपयुक्त कुराकानी गरेको रिपोर्टहरू सार्वजनिक भएका थिए । त्यसपछि कम्पनीले आफ्नो नियममा परिमार्जन गरेको हो । गत अप्रिल महिनामा पनि मेटाले अभिभावकहरूका लागि एउटा फिचर ल्याएको थियो । त्यसबाट छोराछोरीले एआईलाई के सोधिरहेका छन् भनेर अभिभावकले हेर्न मिल्छ । यस्ता अपडेटहरूले अनलाइनमा किशोर-किशोरीहरूको सुरक्षा बढाउन मद्दत गर्नेछन् । यद्यपि लामो समयसम्म एआई च्याटबोट प्रयोग गर्दा कस्तो मानसिक असर पर्छ भन्ने कुरा अझै स्पष्ट भइसकेको छैन । यही हप्ता चीनमा पनि एआई च्याटबोटसँग रोमान्टिक सम्बन्ध बनाउन प्रतिबन्ध लगाइएको छ । *-अनलाइन खबर डटकम*

# अन्तरिक्षमा भारतको नयाँ फड्को



भारतले पहिलो निजी रूपमा विकसित कक्षीय-श्रेणीको रकेट प्रक्षेपणको तयारी गर्दै आफ्नो अन्तरिक्ष कार्यक्रमलाई नयाँ चरणमा प्रवेश गराएको छ । चन्द्रमा, मङ्गल र सूर्यसम्म सफल अन्तरिक्ष अभियान सञ्चालन गरिसकेको भारतले अब निजी क्षेत्रको तीव्र सहभागितासँगै विश्व अन्तरिक्ष उद्योगमा आफ्नो प्रभाव अझ विस्तार गर्ने रणनीति अघि बढाएको छ । भारतीय कम्पनी स्काइरुट एरोस्पेसले आगामी अगस्ट ४ भित्र 'विक्रम-१' रकेट प्रक्षेपण गर्ने तयारी गरिरहेको छ । यो भारतमै निजी क्षेत्रले विकास गरेको पहिलो कक्षीय-श्रेणीको रकेट हुनेछ । यसले साना उपग्रहलाई पृथ्वीको तल्लो कक्षामा पुर्‍याउने लक्ष्य राखेको छ । भारतीय अन्तरिक्ष विभागले यसलाई गहिरो अन्तरिक्ष अन्वेषण, मानव अन्तरिक्ष उडान र कक्षीय पूर्वाधार विस्तारतर्फको महत्वपूर्ण उपलब्धि हुने जनाएको छ । सन् २०२० मा अन्तरिक्ष क्षेत्र निजी लगानीका लागि खुला गरेयता भारतको आठ अर्ब ४० करोड अमेरिकी डलर बराबरको अन्तरिक्ष अर्थतन्त्रले तीव्र विस्तार गरेको छ । हाल देशमा ४०० भन्दा बढी अन्तरिक्ष स्टार्टअप सक्रिय छन् । भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) सँग सहकार्य गर्ने धेरै सरकारी तथा निजी कम्पनीले रक्षा क्षेत्रमा पनि काम गरिरहेका छन् र यसले अन्तरिक्ष र सुरक्षाबीचको सम्बन्धलाई अझ सुदृढ बनाएको छ । भारतले अन्तरिक्ष अन्वेषणमा उल्लेखनीय उपलब्धि हासिल गरिसकेको छ । सन् २०१४ मा भारत मङ्गल ग्रहको कक्षामा अन्तरिक्ष यान पुर्‍याउने पहिलो एसियाली राष्ट्र बनेको थियो । चन्द्रयान कार्यक्रमअन्तर्गत सन् २००८ को चन्द्र अर्बिटर, सन् २०१९ को असफल अवतरण प्रयास र सन् २०२३ को सफल रोभर अवतरणपछि भारत चन्द्रमामा सफलतापूर्वक मानवरहित यान अवतरण गर्ने विश्वको चौथो देश बनेको थियो । सन् २०२७ मा चन्द्रयान-४ मार्फत चन्द्रमाबाट नमूना पृथ्वीमा ल्याउने तथा सन् २०२८ मा शुक्र ग्रहको कक्षामा अन्तरिक्ष यान पठाउने योजना रहेको छ । 'आदित्य' सौर्य अभियानले सूर्यको बाहिरी तह र अन्तरिक्ष मौसमबारे अध्ययन गरिरहेको छ । इसरोको प्रविधि प्रयोग गरेर भारतले गहिरो समुद्री स्रोतको अध्ययनका लागि 'मत्स्य' नामक पनडुब्बी परियोजना पनि अघि बढाइरहेको छ । उपग्रह प्रक्षेपणमा पनि भारतले लागत-प्रभावकारी राष्ट्रको पहिचान बनाएको छ । इसरोले हालसम्म ४३० भन्दा बढी विदेशी तथा १४४ भन्दा बढी स्वदेशी उपग्रह अन्तरिक्षमा प्रक्षेपण गरिसकेको छ र यसबाट ६० करोड अमेरिकी डलरभन्दा बढी आम्दानी भएको छ । श्रीहरिकोटास्थित प्रक्षेपण केन्द्र विस्तार भइरहेका बेला तमिलनाडुको कुलसेकरपट्टिनममा दोस्रो स्पेसपोर्ट निर्माणाधीन छ । भारत सरकारले अन्तरिक्ष उद्योगको आकार सन् २०३३ सम्म ४४ अर्ब अमेरिकी डलर र सन् २०४० सम्म एक खर्ब अमेरिकी डलर पुर्‍याउने लक्ष्य लिएको छ । नासासँगै युरोपेली अन्तरिक्ष एजेन्सी, फ्रान्स, जर्मनी, इटाली, जापान र साउदी अरेबियासँग पनि भारतले अन्तरिक्ष सहकार्य विस्तार गरेको छ भने मानव अन्तरिक्ष उडान तयारीमा रुसले सहयोग गरिरहेको छ । निजी क्षेत्रमा स्काइरुटसँगै पिक्सेलले पृथ्वी अवलोकन उपग्रह विकास गरिरहेको छ । बेलाट्रिक्स एरोस्पेसले उपग्रहलाई अन्तरिक्षमा सञ्चालन गर्न आवश्यक इन्जिन प्रविधि विकास गरिरहेको छ भने अग्निकुल कोस्मोसले थ्रीडी-प्रिन्ट गरिएको रकेट इन्जिन प्रयोग गरेर साना प्रक्षेपण यान निर्माण गरिरहेको छ । भारतको अन्तरिक्ष उद्योग रक्षा क्षेत्रसँग पनि निकट रूपमा जोडिएको छ । प्रक्षेपण प्रणाली, रकेट इन्जिन, उपग्रह, मार्गनिर्देशन प्रणाली र एभियोनिक्स प्रविधि अन्तरिक्ष कार्यक्रमसँगै मिसाइल तथा सैन्य ड्रोन विकासमा पनि प्रयोग भइरहेका छन् । इसरोले रक्षा अनुसन्धान तथा विकास सङ्गठन (डीआरडीओ) र भारत-रुसको संयुक्त ब्रह्मोस मिसाइल कार्यक्रमसँगको सहकार्यलाई निरन्तर विस्तार गरिरहेको छ । सन् २०२५ मा पाकिस्तानसँगको द्वन्द्वपछि भारतले रक्षा खरिदमा अरबौं डलर लगानी बढाएको छ । यसैबीच इसरोले 'गगनयान' मानव अन्तरिक्ष अभियानको तयारी पनि तीव्र बनाएको छ । सन् २०२६ को अन्त्यदेखि चालकविहीन परीक्षण सुरु गर्ने योजना रहेको यस अभियानमार्फत अन्ततः तीन भारतीय अन्तरिक्षयात्रीलाई तीन दिनका लागि करिब ४०० किलोमिटर उचाइको कक्षामा पठाइने लक्ष्य छ । *-हाम्रा कुरा डटकम*

# पछिल्ला २४ घण्टामा विपद्का ६२ घटना, दुई जनाको मृत्यु



**काठमाडौं,** साउन ४/ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पछिल्लो २४ घण्टामा देशभर विपद्जन्य ६२ वटा घटना भएका छन् । सो अवधिमा मुलुकका विभिन्न भागमा बाढीपहिरो, डुबान सर्पदंश जस्ता प्राकृतिक विपद्का घटना भएका छन् ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार ती घटनामा दुई जनाको मृत्यु र १५ जना घाइते भएका छन् । "सर्पदंशका कारण दुई जनाको मृत्यु भएको हो भने ११ जाना घाईते भएका छन् । उक्त घटनाबाट नौ जिल्ला प्रभावित छ । पहिरोबाट दुई घाइते र ११ जिल्ला प्रभावित छन्", उनले भने ।प्राधिकरणका अनुसार पछिल्ला २४ घण्टाको अवधिमा ११ वटा सडक अवरुद्ध भएका छन् ।

प्राधिकरणले सोमबार सार्वजनिक गरेको दैनिक विपद् बुलेटिनअनुसार विपद्का कारण करिब रु १२ लाख २७ हजार बराबरको अनुमानित आर्थिक क्षति भएको छ । घटनामा छ वटा चौपाया पनि क्षति भएको छ । पछिल्लो २४ घण्टामा १८ जिल्लामा २६ वटा पहिरो, १३ वटा सर्पदंश, आठ वटा आगलागी, सात वटा अविरल वर्षा, पाँच वटा जनावर आक्रमण तथा तीन वटा बाढीका घटना भएको प्राधिरकणको तथ्याङ्कमा उल्लेख छ । ती घटनाबाट ४७ जिल्ला प्रभावित भएको र उद्धारका लागि सुरक्षा निकायका २६७ जाना जनशक्ति परिचालन भएको प्राधिकरणले जनाएको छ । शनिबार र आइतबार देशका विभिन्न स्थानमा भएको मध्यम, भारी र अति भारी वर्षाका कारण बाढीपहिरो, डुबान जस्ता विपद्का घटना बढ्न सक्ने भन्दै प्राधिकरणले प्रतिकार्यका लागि व्यापक तयारी गरेको थियो ।

## साउनको पहिलो सोमबार...

...महिलाले विशेषगरी हरियो रङका वस्त्र, चुरा र मेहँदी लगाएर भगवान शिवको पूजा तथा आराधना गरी ब्रत बस्ने चलन रहँदैआएको छ । उक्त कार्य गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ । हिन्दु परम्परा अनुसार साउन महिना शिवको प्रिय महिना हो ।

त्यसैले पनि साउने सोमबार शिवालयहरुमा दर्शनार्थी भक्तजनको विशेष भिड लाग्दछ । हिन्दु महिलाहरुले साउने सोमबारलाई विशेष धार्मिक दिनका रुपमा लिने गर्दछन् । साउने सोमबारका दिन निराहार ब्रत बसी शिवजीको पूजा अराधना गर्दा मनोकांक्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । साउने सोमबारमा शिवजीको पूजा उपासना गर्नाले आफू र आफ्नो परिवारको सुस्वास्थ्य, दीर्घायु र घर परिवारमा सुख शान्ति छाउने धार्मिक विश्वास छ । विवाहित महिलाले श्रीमानको दीर्घजीवनको कामना र अविवाहित महिलाले योग्य वरको कामना गर्दै साउने सोमबारको व्रत बस्ने भन्ने भनाइ पनि प्रचलित छ । सुख, शान्ति एवं समृद्धिका लागि साउन महिना र सोमबार सबैले शिवको उपासना गर्नुपर्ने शास्त्रीय वचन धार्मिक ग्रन्थमा रहेको छ । साउने सोमबारको दिन मनोकामना पूरा हुने विश्वासका साथ भगवान शिवलाई जल र बेलपत्र चढाँउने गरिन्छ । हिन्दू धर्ममा साउनलाई धर्मकर्मको महिना भनिन्छ । पुराणमा मुख्य तीनथरि व्रतको चर्चा पाइन्छ । ती हुन् साउने सोमबार, सोन्ह सोमबार एवं सोम प्रदोष । सोमबारको व्रत विधि पनि अन्य व्रतजस्तै हुन्छ । यो व्रत सूर्योदयदेखि प्रारम्भ भएर तेस्रो प्रहरसम्म बसिन्छ । दिनको तेस्रो प्रहर अर्थात् करिब तीन बजेतिर शिवजीको पूजा गरी कथा सुन्नुपर्छ । व्रत गरेको दिन बेलुका एकपटक सात्विक भोजन गर्नुपर्छ । यसरी व्रत बस्दा समस्या समाधान हुने जनविश्वास छ । शास्त्रअनुसार भगवान् शिवले सनतकुमारहरूलाई साउन महिनाको महिमा बताउने क्रममा भनेका छन्, 'मेरा तीन आँखामध्ये दाहिने आँखा सूर्य, बायाँ आँखा चन्द्रमा तथा बीचको आँखा अग्नि हुन् ।' यस वर्ष साउनमा चार वटा सोमबार परेको छ । साउन ४, ११, १८ र २५ गते सोमबार परेको छ ।

खेलकुद समाचार

## विश्व फुटबलको उपाधि स्पेनलाई



**काठमाडौं,** साउन ४/२ वर्षअघि बर्लिनमा युरोपेली च्याम्पियन बनेको स्पेनले आइतबार राति अमेरिकाको न्यु जर्सीमा भएको फिफा विश्वकपको फाइनलमा अर्जेन्टिनालाई १-० ले हराउँदै दोस्रो उपाधि जितेको छ । यसअघि स्पेनले सन् २००८ को युरो कप जितेको २ वर्षपछि सन् २०१० मा पहिलो पटक फिफा विश्वकपको उपाधि जितेको थियो । स्पेनको पछिल्लो सफलताले पुरुष तथा महिला खेलमा उनीहरूको उल्लेखनीय वर्चस्वलाई निरन्तरता दिएको छ । स्पेन पुरुष र महिला दुवै विश्वकपको उपाधि एकैसाथ जित्ने पहिलो देश हो । सन् २०२३ मा अस्ट्रेलियाको सिड्नीमा भएको महिला विश्वकपको फाइनलमा स्पेनले इङ्ल्यान्डलाई १-० ले हराएको थियो । यस्तै पुरुष टोलीले सन् २०२३ मा नेसन्स लिग र सन् २०२४ को ओलम्पिकमा स्वर्ण पदक जित्यो भने महिला टोलीले सन् २०२४ र २०२५ दुवै वर्ष नेसन्स लिगको उपाधि जित्यो । समग्रमा पछिल्ला ५ वर्षमा स्पेनले १७ वर्षमुनिदेखि राष्ट्रिय टोलीसम्म १६ वटा विश्व तथा युरोपेली उपाधि जितेको छ । यसमा सन् २०२२ देखि २०२६ सम्म महिला टोलीका ११ र पुरुष टोलीका ५ उपाधि रहेका छन् । सन् २०२२ को डिसेम्बरमा स्पेनले लुइस डे ला फुएन्तेलाई मुख्य प्रशिक्षकमा नियुक्त गर्दा उनले यति छोटो समयमै नेसन्स लिग ( २०२३), युरोपियन च्याम्पियनशिप ( २०२४) र विश्वकप (२०२६) को सफलता दिलाउनेछन् भन्ने अपेक्षा निकै कमले मात्र गरेका थिए । कतारमा भएको अघिल्लो संस्करणको विश्वकपको अन्तिम १६ मा मोरक्कोसँग पराजित हुँदै स्पेन बाहिरिएपछि लुइस एनरिकेले मुख्य प्रशिक्षकको पद छोडेका थिए । कुनै ठूलो क्लबको व्यवस्थापन सम्हालेको अनुभव नभइकनै डे ला फुएन्तेले स्पेनको जिम्मेवारी सम्हाल्नु जोखिमपूर्ण देखिन्थ्यो । स्पेनले विगत ३ मध्ये ३ वटा पुरुष युरोपेली च्याम्पियनशिप ( सन् २००८, २०१२ र २०२४) को उपाधि जितेको छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## निरन्तर उकालो यात्रामा नेप्से



**पाल्पा,** साउन ४/ सेयर कारोबार मापक नेप्से परिसूचक केही दिन यता निरन्तर उकालो यात्रामा रहेको छ । अघिल्ला चार दिन लगातार बढेको नेप्सेले सोमबार पनि सोही प्रवृति पछ्याएको हो । सोमबार ४१ दशमलव ७० अंकले बढेको छ । यद्यपि गत शुक्रबारको तुलनामा सोमबार नेप्सेको वृद्धिदरमा भने कमी आएको छ । गत शुक्रबार नेप्से ७९ दशमलव ७४ अंकले बढेको थियो । शुक्रबारको तुलनामा नेप्से १ दशमलव ५५ प्रतिशतले बढेर समग्र नेप्से २ हजार ७ सय १९ दशमलव २४ अंकमा उक्लेको हो । यो अंक एक महिनाकै उच्चतम हो । जेठ २९ गते २७२४ अंकमा रहेको नेप्से त्यसयताकै उच्चतम अंक सोमबार छोएको छ । दिनभरजसो बजार हरियो रह्यो । बन्द हुँदाको नेप्सेको अंक कारोबार अवधिभरको उच्चतम अंक पनि हो । यो सहित लगातार पाँचौं दिन बजार बढेको हो । कारोबार रकम पनि बढेको छ । अघिल्लो दिन ४ अर्ब ५३ करोडको कारोबार भएकोमा यस दिन ५ अर्ब १५ करोडको भयो । सोमबार २३९ कम्पनीको मूल्य बढ्दा ३२ को घट्यो भने ५ को स्थिर रह्यो । उत्पादन तथा प्रशोधन समूह सबैभन्दा धेरै ३ दशमलव २१ प्रतिशत बढ्यो । त्यस्तै अन्य समूह २ दशमलव ८१, जलविद्युत् २ दशमलव ७९, बैंकिङ ० दशमलव ५५, विकास बैंक १ दशमलव ४८, फाइनान्स ० दशमलव ९३, होटल तथा पर्यटन १ दशमलव ९८, लगानी १ दशमलव ५५, जीवन बीमा ० दशमलव ८४, माइक्रोफाइनान्स ० दशमलव ३७, निर्जीवन बीमा ० दशमलव ४४ तथा व्यापार समूह १ दशमलव१४ प्रतिशत बढे । हालै सूचीकृत भएको नयाँ कम्पनी एभरेस्ट कलरको मूल्य १५ प्रतिशत बढ्यो । रिजलाइन इनर्जीको १३ दशमलव ९५, श्रीनगर एग्रिटेकको १० दशमलव ९५, सोलु हाइड्रोपावरको ९दशमलव ९३, दिव्यश्वरी हाइड्रोपावरको ८ दशमलव ६२, हाथवे इन्भेस्टमेन्टको ८ दशमलव ६१ तथा शिखर पावरको ७ दशमलव ८३ प्रतिशत मूल्य बढ्यो । आत्मनिर्भर लघुवित्तको मूल्य ६ दशमलव ८६ तथा कर्पोरेट डेभलपमेन्ट बैंकको मूल्य ६ दशमलव ८५ प्रतिशत घट्यो । आज रकमका आधारमा धेरै कारोबार भएका कम्पनीमा आँखुखोला जलविद्युत्, रिलायन्स स्पिनिङ मिल्स, रिडी पावर, कर्पोरेट डेभलपमेन्ट बैंक, नेसनल हाइड्रोपावर, एसवाई प्यानल, अपी पावर, एनआरएन इन्फ्रास्ट्रक्चर, हिमालय रिइन्स्योरेन्स छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई